**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०४** **संख्याः ०३** **मितिः २०८०/११/१७**

**भाग–१**
**गुराँस गाउँपालिका**

## सामाजिक न्याय सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८०

गाउँसभामा पेश मिति २०८०/१०/१५
गाउँसभाबाट पारित मिति २०८०/११/११
प्रमाणीकरण मिति २०८०/११/१५

**प्रस्तावनाः** नेपालको संविधानले प्रद्त्त गरेको सामाजिक न्यायको हकलाई कार्यान्वयन गर्न गुराँस गाउँपालिका भित्र बसोवास गर्ने आर्थिक रुपले विपन्न, विपन्न दलित, जेष्ठ नागरिक, असहाय, एकल महिला, अनाथ वालबालिका, लोपोन्मुख समुदाय, बादी समुदाय, अशक्त र असहाय अवस्थामा रहेका, द्वन्द पिडित, लैगिंक हिंसा तथा घेरलु हिंसा पिडित, यौनिक तथा लैगिंक अल्पसंख्यक, पिछडीएका समुदायको संरक्षण, उत्थान, सशक्तिकरण, आर्थिक सवलिकरण र विकासका लागि त्यस्ता व्यक्ति तथा परिवारका निम्ति सुरक्षित आवास, स्वरोजगारको लागि सिप विकास तालिम, वडा स्तरमा सामाजिक सुरक्षा भत्ताको सहज वितरण, विपन्न नागरिक परिचयपत्र, बाल पुनर्स्थापना केन्द्र स्थापना, आर्थिक सहायता लगायतका कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले,

गुराँस गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम "सामाजिक न्याय सम्बन्धी ऐन २०८०" रहेको छ ।

(ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यपालिका" भन्नाले गुराँस गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) "आर्थिक रुपले विपन्न" भन्नाले जीवनयापन गर्ने कुनै आधार, आय श्रोत वा सम्पत्ति नभएका, नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका व्यक्ति सम्झनु पर्छ । साथै, सो शब्दले नेपाल सरकारले वितरण गरेको रातो रङ्गको गरिब घर परिवार परिचय पत्र पाएको परिवारलाई समेत सम्झनु पर्दछ ।

(ग) "विपन्न दलित" भन्नाले आर्थिक रुपले विपन्न, गरिबीको रेखामुनी रहेका दलित समुदायका नागरिकहरुलाई सम्झनु पर्दछ ।

(घ) "लोपोन्मुख समुदाय" भन्नाले नेपाल सरकारले अति सिमान्तकृत भनि तोकेका र गुराँस गाउँपालिकामा अस्थाई बसोवास गर्ने राउटेजाती समेतलाई सम्झनु पर्दछ ।

(ङ) "द्वन्द पिडित" भन्नाले विभिन्न समयमा भएका सशस्त्र द्वन्द तथा आन्दोलनका क्रममा गुराँस गाँउपालिका छोड्न बाध्य पारिएका घाइते तथा अपाङ्गता भएका वा परिवारको सदस्य गुमाएका परिवार सम्झनु पर्दछ ।

(च) "लैगिंक हिंसा तथा घेरलु हिंसा पिडित" भन्नाले घरायसी झै-झगडा वा विवादका कारण पिडामा परेका महिला, पुरुष तथा अन्य व्यक्तिहरु सम्झनु पर्दछ ।

(छ) "यौनिक तथा लैगिंक अल्पसंख्यक" भन्नाले महिला वा पुरुष बाहेक अन्य लैंगिक समूहका अनुसूचि-१ बमोजिम स्वघोषणा गरेका व्यक्ति सम्झनु पर्दछ ।

(ज) "पिछडीएका समुदाय" भन्नाले सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि दृष्टिले पछि पारिएका समुदाय सम्झनु पर्दछ ।







(झ) "असहाय एकल महिला" भन्नाले जीवनयापन गर्ने कुनै आधार, आय श्रोत वा सम्पत्ति नभएका, नेपाल सरकारले राजपत्रका सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका असक्त र असहाय अवस्थामा रहेका दफा ७ बमोजिमका महिला सम्झनु पर्छ ।

(ञ) "निःशुल्क शिक्षा" भन्नाले गुराँस गाउँपालिका अन्तर्गत कक्षा १ देखि कक्षा १२ सम्मको सामुदायिक विद्यालयहरुमा प्रदान गरिने शिक्षालाई सम्झनु पर्दछ ।

(ट) "स्वास्थ्य बिमा" भन्नाले नेपाल सरकारले लागु गरेको स्वास्थ्य बिमा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ठ) "आवास" भन्नाले भौतिक पुर्वाधार सञ्चालन तथा व्यवस्थान ऐन २०८० ले तोके बमोजिमको आवास एकाई सम्झनु पर्दछ ।

(ड) "आवास एकाई" भन्नाले एक लाभग्राही परिवारले पाउने एकै किसिमका घर सम्झनु पर्दछ ।

(ढ) "सिपविकास तालिम" भन्नाले कृषि, पशुपालन, हस्तकला, काष्ठकला, कंकृटजन्य उत्पादन, अटोमोबाईल रिपेरिङ्ग, खाद्यपदार्थ उत्पादन लगायतका सिपविकास सम्बन्धि स्वरोजगार तथा रोजगारी सिर्जना हुने खालका सम्पूर्ण तालिमहरु सम्झनु पर्दछ ।

(ण) "कार्यक्रम" भन्नाले दफा ३ बमोजिमका कार्यक्रमहरुलाई सम्झनु पर्दछ । यस शब्दले संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट गाउँपालिकाका नागरिकहरुका लागि शिक्षा, स्वास्थ्य, रोजगारी वा आवास निर्माण कार्य गर्ने गरी प्रदान गरिने विशेष अनुदान वा छुट्टै कार्यविधि वा कानून वा शर्तहरु व्यवस्था नभएको, गाउँपालिकाबाट कार्यान्वयन हुने गरी प्राप्त अनुदान सहितको कार्यक्रमलाई समेतजनाउने छ ।

(त) "कार्यक्रम निर्देशक समिति" भन्नाले दफा ६ बमोजिमको समितिलाई जनाउनेछ ।

(थ) "अशक्त र असहाय अवस्थामा रहेका" भन्नाले आर्थिक रूपले विपन्न शारीरिक वा मानसिक रूपले श्रम गर्न अशक्त भएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको व्यक्ति सम्झनु पर्छ ।

(द) "अपाङ्गता भएका" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको कारण अन्य सामान्य व्यक्तिसरह समान आधारमा सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

(ध) "भेदभाव" भन्नाले तोकिएका जाती, धर्म, समुदाय, वर्ग वा अन्य क्षेत्रका नागरिकलाई गरिने नकारात्मक विभेदलाई सम्झनु पर्छ ।

(न) "ज्येष्ठ नागरिक" भन्नाले साठ्ठी वर्ष उमेर पुरा भएका नागरिकलाई सम्झनु पर्छ ।

(प) "अनाथ बालबालिका" भन्नाले बाबू-आमा वा परिवारका कुनैपनि सदस्य संरक्षक नभएका वा प्रचलित कानुन बमोजिमका अनाथ बालबालिकालाई सम्झनु पर्छ ।

(फ) "वडा कार्यालय" भन्नाले गुराँस गाउँपालिकाका वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## लाभवान्वित वर्गको पहिचान तथा छनौट

**३. लक्षित वर्गको पहिचान :** यस कार्यक्रमका लागि लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ,-

(क) नेपाली नागरिक भएको,

(ख) विगत देखि गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्दै आएको नागरिक,

(ग) नेपाल सरकारको विपन्न परिचय पत्र प्राप्त गरेका वा नेपाल सरकारबाट परिचय पत्र उपलब्ध नगरुन्जेल सम्मका लागि वडा कार्यालयबाट स्थलगत सर्जमिन गरी विपन्न सिफारिस भई गाउँ कार्यपालिकाको निर्णयानुसार विपन्न प्रमाणित भएको,

(घ) स्थानीय वा नेपाल सरकारलाई बुझाउनु पर्ने राजश्व बुझाएको,

(ङ) लाभग्राहि हुन ईच्छुक व्यक्तिले वडाको सिफारिस सहित अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिएको,

(च) अपाङ्गता भएका व्यक्ति, असहाय, अतिसिमान्तकृत जाती, लोपोन्मुख, अल्पसंख्यक जाती वा दलित जातीमा सूचीकृत भएको जाती प्राथमिकतामा पर्ने,

(छ) आवास निर्माणको हकमा स्थानीय निर्माण सामग्री र श्रमको योगदानको साझेदारी गर्न प्रतिवद्ध रहेको ।

(ज) विगत देखि गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्दै आएको तर नेपाल सरकारबाट सञ्चालित यस्तै कार्यक्रमबाट कुनैपनि लाभ प्राप्त नगरेका व्यक्ति,





सामाजिक न्याय सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८०

(झ) लक्षित वर्गको विशिष्टिकरण सहितको पहिचान तोकिए बमोजिम हुनेछ ।

**४. लाभग्राही छनौटको आधार:** (१) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि कार्यालयले सुचना पाटी, आफ्नो वेभसाइट वा फेसबुक पेजमा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना आव्हान गरेपछि आवेदन दिएका परिवारको स्थलगत सर्भेक्षण गरि छनौट गरिने छ ।

(३) उपदफा (२) बमोजिम छनौट हुने आधार तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि मापदण्ड तथा छनौट विधि तोकिए बमोजिम हुनेछ ।

(५) दफा (१) बमोजिम लाभग्राही छनौट गर्दा कार्यालयले प्रत्येक कार्यक्रमका लागि एकजना सम्पर्क अधिकारी तोक्न सक्नेछ । आवश्यकता अनुसार उक्त अधिकारीले स्थलगत अध्ययन अनुगमन गरि कार्यक्रम निर्देशक समितिमा प्रतिवेदन पेश गर्नेछ ।

**५. लाभग्राहीको सूची प्रकाशन:** दफा (४) बमोजिम लाभग्राहीको छनौट सम्पन्न भएको १५ दिन भित्र दफा (६) बमोजिमका कार्यक्रमहरुको लाभग्राहीको छनौट गरी प्राथमिकता समेत तोकी लाभग्राहीको सूची प्रकाशन गर्नेछ ।

## परिच्छेद-३
## सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी व्यवस्था

**६. सामाजिक सुरक्षाका कार्यक्रमहरुः** (१) लाभग्राही समुदायका नागरिकहरुलाई सामाजिक न्याय प्रवर्द्धन गर्ने कार्यक्रम अन्तर्गत आवश्यकता अनुसार देहाय बमोजिमका कार्यक्रमहरुबाट लाभान्वित गराउन सकिनेछ,-

क. विपन्न जनता आवास कार्यक्रम

ख. विपन्न नागरिक निशुल्क स्वास्थ्य विमा कार्यक्रम

ग. विपन्न विद्यार्थी शैक्षिक सामाग्री सहयोग कार्यक्रम

घ. स्वरोजगार प्रबर्द्धनार्थ सिप विकास तालिम कार्यक्रम

ङ. जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुका लागि घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम

च. "ग" र "घ" वर्गका अपाङ्गता भएका नागरिकका लागि स्वरोजगारमुलक कार्यक्रम

छ. द्वन्दपिडित, घाईते तथा शहिद परिवार उत्थान कार्यक्रम
ज. गरिब तथा जेहेन्दार उच्च शिक्षा अध्ययन तथा छात्रबृद्धि कार्यक्रम
झ. अति विपन्न खाद्यन्न सहयोग कार्यक्रम
ञ. अति विपन्न तथा विपद् आर्थिक सहायता कार्यक्रम
ट. विपन्न विद्यार्थी निःशुल्क छात्राबास कार्यक्रम
ठ. परम्परागत सिप विकास, पेशा प्रबर्द्धन तथा व्यवस्थापन कार्यक्रम
ड. अध्यक्ष शैक्षिक सुधार कार्यक्रम
ढ. गर्भवतीसंग उपाध्यक्ष कार्यक्रम
ण. अशक्त नागरिक माशिक निर्बाह भत्ता कार्यक्रम
त. अपाङ्गता सहायक सामाग्री वितरण कार्यक्रम
थ. घरदैलोमा सामाजिक सुरक्षा कार्यक्रम
द. विपन्न नागरिक परिचयपत्र वितरण कार्यक्रम
ध. यौनिक तथा लैगिक अल्पसंख्यक नागरिक स्वरोजगार कार्यक्रम
न. लोपोन्मुख राउटे समुदाय संरक्षण कार्यक्रम
प. बाल पुनर्स्थापना कार्यक्रम
फ. मदिरा नियन्त्रण अभियान
ब. हिसापिडितहरुका लागि सुरक्षित अवास कार्यक्रम
भ. मदिरा नियन्त्रण कार्यक्रम
म. जोखिममा रहेका वालवालिका सम्बन्धी र बालगृह संचालन सम्बन्धिका कार्यक्रम
य. बालविवाह, छाउपडी प्रथा तथा सामाजिक सुसासन सम्बन्धीका कार्यक्रमहरु

(२) उपदफा (१) बमोजिमका कार्यक्रमहरु कार्यक्रम निर्देशक समितिको निर्णयानुसार एकै परिवारमा एक वा एक भन्दा बढी कार्यक्रम लागु गर्न सक्नेछ तर यसरी लाभग्राहीहरु छनौट गर्दा अधिकतम घरधुरी लाभान्वित हुनेगरि गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक बजेट गाउँपालिकाको गाउँसभाले शीर्षकगत रुपमा वार्षिक बजेटमा विनियोजन गर्नु पर्नेछ । (४) उपदफा(१) बमोजिमका कार्यक्रमहरुका अलवा सामाजिक न्याय प्रवर्द्धन कार्यक्रमहरु थप गर्नु परेमा कार्यक्रम निर्देशक समितको सिफारिसमा गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागु गर्न सकिनेछ । उक्त कार्यक्रमहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।







(५) उपदफा(१) बमोजिमका कार्यक्रमहरु कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद-४
## कार्यक्रम कार्यान्वयन समिति सम्बन्धी व्यवस्था

**७. कार्यक्रम निर्देशक समिति:** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धि आवश्यक नीतिगत तथा कार्यान्वयन सम्बन्धी निर्णय गर्न र आवश्यक व्यवस्था गर्न गाउँपालिकामा तपसिल बमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) गाउँ कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य
(घ) कार्यपालिकाको पूर्वाधार विकास समितिको संयोजक - सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(च) अध्यक्षले तोकेको महिला र दलित कार्यपालिका सदस्य एक/एक जना गरि दुई जना - सदस्य
(छ) गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा प्रमुख - सदस्य
(ज) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिब

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले आवश्यक ठानेमा कार्यक्रम कार्यान्वयन क्षेत्रका सम्बन्धित विषयका विज्ञ वा अन्य पदाधिकारीहरु तथा सम्बन्धीत विषयगत शाखाका कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,
(ख) कार्यक्रम कार्यान्वयनका सिलसिलामा गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत समितिहरुलाई आवश्यक निर्देशन दिने,
(ग) लाभग्राही छनौट गर्न लाभग्राही सर्भेक्षण गराउने, पुष्टिकरण गराउने, लाभग्राही छनौट गर्ने र लाभग्राही सूची प्रकाशन गर्ने ।
(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रमको संचालन र कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य निजी क्षेत्रहरुसँग समन्वय गर्ने,
(च) कार्यान्वयनमा आएका बाधा अड्काउ फुकाउने,
(छ) कार्यक्रममा आवश्यकताअनुसार दण्ड गर्नुपर्ने भएमा सोको सिफारिश गर्ने,
(ज) कार्यक्रम लागु भएको स्थानमा आवश्यक समन्वयका लागि कार्यपालिकामा सिफारिश गर्ने,

## परिच्छेद-५
## विविध

**८. सर्वेक्षणः** गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको विभिन्न जातजाती, उनिहरुको आर्थिक शैक्षिक, स्वास्थ्य र आयआर्जनको अवस्थाको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा अनुसूची-३ बमोजिमको ढाँचामा सामाजिक विकास सर्वेक्षण गर्न सकिनेछ ।

**९. नीति तथा बजेट कार्यक्रममा समेटिनुपर्नेः** यस ऐन बमोजिमका क्रियाकलाप तथा अन्य सिमान्तकृत समुदायको हितको लागि वार्षीक नीती तथा बजेट कार्यक्रममा समेट्नुपर्नेछ ।

**१०. गुनासो व्यवस्थापनः** गाउँपालिकाले सामाजिक सुरक्षा, सामाजिक विकास र सामाजिक न्याय कार्यान्वयनसँग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक गुनासो सुन्ने अधिकारी तोक्न सक्नेछ ।

**११. परामर्श लिन सक्ने :** गाउँ सभा, गाउँकार्यपालिका वा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

**१२. अधिकार प्रत्यायोजन गर्न सक्नेः** गाउँपालिकाले यस ऐन अन्तर्गत तोकिएका केही जिम्मेवारी तथा अधिकार सामाजिक विकास समिति वा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।







**१३. उपसमिति गठन गर्न सक्नेः** गाउँ कार्यपालिकाले आवश्यक ठानेमा समग्र सामाजिक विकासको क्षेत्रको बास्तविक स्थिति पहिचान गरी आवश्यक क्षेत्रगत कार्य विशिष्टिकरण मार्फत सामाजिक विकास गर्न पदाधिकारी, कर्मचारी तथा विज्ञहरुबाट देहाय बमोजिम क्षेत्रगत उप-समिति गठन गर्न सक्नेछ ।
(क) विपन्न जनता आवास निर्माण उप-समिति
(ख) निःशुल्क स्वास्थ्य विमा निर्माण उप-समिति
(ग) निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन उप-समिति
(घ) सिप विकास तथा रोजगार प्रवर्द्धन उप-समिति

**१४. यसै बमोजिम भएको मानिनेः** यो ऐन लागु हुन पुर्व कार्यविधिको रुपमा कार्यान्वयनमा रहेका देहायका कार्यविधि तथा संचालन गरीएका कार्यक्रमहरु यसै ऐन अन्तर्गत भएको मानिने छ ।
१. राउटे तथा लोपोन्मुख समुदायलाई सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९
२. यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायहरुलाई सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९
३. एकल महिला तथा विपन्न नागरिक स्वास्थ्यबिमा सञ्चालन कार्यविधि, २०७९
४. ज्येष्ठ नागरिक सुरक्षा कार्यविधि, २०७९
५. गुराँस संरक्षण कार्यविधि
६. मदिरा नियन्त्रण सम्बन्धी कार्यविधि, २०७९
७. आर्थिक सहयोग गर्ने सम्बन्धी कार्यविधि
८. छोरी बुहारी छात्रबृत्ति सम्बन्धी कार्यविधि
९. बालबिवाह विरुद्ध कार्यक्रम खर्च कार्यविधि
१०. सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि
११. बालगृह सञ्चालन कार्यविधि
१२. विपन्न पहिचान कार्यविधि
१३. जिवन सुरक्षाकोष सञ्चालन कार्यविधि २०७४
१४. महिला तथा बालबालिका विशेष कार्यक्रम सञ्चालन कार्यविधि
१५. बालविवाहमुक्त अभियान सञ्चालन निर्देशिका २०७५
१६. बालहिँसामुक्त स्थानीयतह घोषणा कार्यविधि २०७५

१७. गुराँस गाउँपालिकाको बालसहभागीता सम्बन्धी कार्यविधि, २०७४
१८. गुराँस गाउँपालिकाको स्थानीयतहमा बालबालिका लक्षित कार्यक्रम सञ्चालन कार्यविधि २०७४
१९. गुराँस गाउँपालिकाको बालक्लब सञ्जाल गठन तथा सहजीकरण निर्देशिका २०७४

**१४. नियम बनाउने अधिकार** : (१) यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

**१५. संक्रमणकालिन व्यवस्था**: (१) यस ऐनमा तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली निर्माण नहुँदासम्म ऐनको भावना प्रतिकुल नहुने गरी गाउँकार्यपालिकाले कार्य गर्न सक्नेछ ।

**१६. बाधा अड्काउ फुकाउने अधिकार**: (१) यस ऐनको लागु गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनको अंग मानिनेछ ।







अनुसूची-१
(दफा ७ संग सम्बन्धित)
**सामाजिक विकास सर्वेक्षणको फारमको ढाँचा**
गुराँस गाउँपालिका रानिमत्ता दैलेख
वडा नं.

टोलको नाम: घरमुलीको नाम: परिवार संख्या:

| क्र स | परिवारका सदस्यको नाम | वैवाहिक अवस्था | उमेर | पेशा | शिप | वार्षिक आम्दानी | शैक्षिक अवस्था | आफ्नै नामको जग्गा | चौपाय विवरण | पंक्षी विवरण | आफ्नै बारीमा उत्पादन क्षमता | खान पुग्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

आज्ञाले
**दिनेश दाहाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**